निर्णय नं. १

यस भन्दा अगाडी जिल्ला अनुगमन समितिको बैठकमा भएका निर्णयहरुको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

निर्माणाधिन नमुना सदरमुकाम निर्माणस्थलमा अवैध नदीजन्य ढुंगा प्रयोग भएको भन्ने जनगुनासो सुनिन आएको हुँदा सो सम्बन्धमा सम्बन्धित निर्माणस्थलमा अवलोकन अनुगमन गरी आज सम्बन्धित निर्माण कम्पनीका प्रतिनिधिहरुसहित बैठक बसी छलफल सम्पन्न भयो।

निर्णय नं.३

अवैधरुपमा प्रयोग भएको भनिएको नदीजन्य ढुंगाको सम्बन्धमा निर्माण कम्पनीका तर्फबाट रोज डेभलपर्स, समिल सप्लार्यस, हेजल सप्लार्यस प्रा.ली. दयाश्री कन्स्ट्रक्सन प्रा.ली., बैराठे सप्लार्यस प्रा.लीबाट जम्मा १३,३९०।– तेह्र हजार तिन सय नब्बे घनमिटर खरिद गरिएको मु.अ.कर विल प्रस्तुत भएको हुँदा सो सम्बन्धमा सम्बन्धीत आपूर्तिकर्ताहरुले विक्रि गरेको ढुंगाको बैधानिक अवस्था के कसो हो ती आपूर्तिकर्ताको स्टक प्रमाणित छ छैन, बैध रुपमा सञ्चालित छन् छैनन् भन्ने सम्बन्धमा अनुगमन गरी भएको व्यहोरा यस समितिलाई पठाउन आपूर्तिकर्ताको भण्डारण अवस्थित रहेका स्थानीय तहलाई लेखी पठाउने निर्णय भयो ।